## नगर कार्यपालिकाको ६२ औं बैठक मिति २०८३।०१।१६ गते प्रस्ताव र निर्णयको संक्षिप्त व्यहोरा

| सि.न | प्रस्ताव तथा विषय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | राष्ट्रिय रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | राष्ट्रिय रोजगार कार्यक्रम तर्फ चालु आ.व. २०८२।०८३ का लागि प्राप्त रु. १० लाखबाट देहाय बमोजिम योजना छनौट तथा वजेट विनियोजन गर्ने<br>१. सानीभेरी मुग्लुखोला घाट पुर्वाधार निर्माण मुनपा ३ रु. ५ लाख<br>२. मालिका मावि चुन पर्खाल तथा खेलमैदान निर्माण मुनपा १० रु. ५ लाख |
| २ | योजना निर्माण कार्यको म्याद थप तथा भुक्तानी सम्बन्धमा । | १. रुघाखोला सितल बजार सडक पुल निर्माण कार्यका सम्बन्धमा देहाय बमोजिम गर्नेः<br>क. उक्त सडक पुल निर्माण कार्य विविध कारणले समयमा सम्पन्न गर्न नसकिएकाले प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८३ साल जेठ १६ गते देखि २०८४ साल जेष्ठ १५ गतेसम्मका लागि म्याद थप गर्ने ।<br>ख. उक्त सडक पुल निर्माण कार्यको हालसम्म भएको कार्यको प्राविधिकबाट पेश भएको दोश्रो रनिंग वीलको मुल्यांकन रकममा चालु आ.व.का लागि विनियोजित रकम उपलव्ध गराई भुक्तानी हुन वांकी रकम स्वीकृत वार्षिक कार्यक्रमको समपुरक म्याचिग शिर्षकमा विनियोजित रकमबाट व्यवस्था गर्ने ।<br>ग. उक्त सडक पुल निर्माण कार्यको दुबै फाउण्डेसन तयार गर्दा बढी भएको अर्थवर्कको काम तथा पिलर निर्माणमा सरीयाको परिमाण बढि भई लागत अनुमान भन्दा फरक पर्न गएकाले भेरीएशन आदेश जारी गर्ने<br>२. सिप्चाथान झोलुंगे पुल निर्माण मुसीकोट ७ का लागि सम्झौता बमोजिम समयमा सम्पन्न हुन नसकेकाले मिति २०८२।११।१६ गते देखि २०८३।०३।२० गतेसम्मका लागि म्याद थप गर्ने ।<br>३. वडा नं. ७ अन्तरगतका सडक सरसफाई योजनाको सम्पन्न गर्ने म्याद भित्र सम्पन्न हुन नसकेकाले मिति २०८२।१०।२६ गते देखि २०८३।०१।३० गतेसम्म म्याद थप गर्ने । |
| ३ | निर्माण कम्पनीलाई कारबाही गर्ने सम्बन्धमा | मुसीकोट नगरपालिका वडा नं. २ को पातुखोला रातामाटा सडक निर्माण कार्यका लागि कराईचुली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. नलगाड न.पा. २ जाजरकोटसंग गत आ.व. मा सम्झौता भएकोमा हालसम्म पनि निर्माण कार्य शुरु नभएका कारण पटक पटक स्पष्टिकरण मांग गर्दा प्राप्त प्रतिक्रिया चित्तबुझ्दो नपाईएका कारण निजसंग भएको सम्झौता अन्त्य गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कारबाही अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने |
| ४ | पूर्व स्वीकृती दिने सम्बन्धमा । | नेपाल सरकारबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड २०८२ दफा ५ ले स्थानीय तहले सर्वेक्षण गर्नु पूर्व सम्बन्धित कार्यपालिकाको पूर्व स्वीकृती लिनु पर्ने व्यवस्था गरे बमोजिम मुसिकोट नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति दिने । |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र के.सी
नगर प्रमुख

| | | |
|---|---|---|
| ५ | योजना कार्यान्वयन सम्बन्धमा । | यस कार्यालयबाट संचालनका लागि संघिय ससर्त कार्यक्रम तर्फका देहाय बमोजिमका योजनाहरुको नाम ठेगानामा फरक पर्न गई ढिला गरी शंसोधन भई प्राप्त भएकाले ठेक्कापट्टाबाट निर्माण गर्न समय अभाव हुने भएकाले उपभोक्ता समिति वा विद्यालय व्यवस्थापन समिति मार्फत संचालन गर्ने<br>१. प्रभात मावि दोपाई छिवांग मञ्च तथा तालिम हल निर्माण मुनपा १४<br>२. रिन्दह देखि ८ नं. वडा कार्यालयसम्म सडक स्तरोन्नति मुनपा ८ |
| ६ | कार्यविधि स्वीकृती गर्ने सम्बन्धमा । | यस नगरपालिका क्षेत्र भित्र संचालन गरिने मेला मोहत्सवहरुलाई व्यवस्थित गर्न तयार गरिएको मुसीकोट नगरपालिकाको मेला मोहत्सव सञ्चालन कार्यविधि २०८३ स्वीकृत गर्ने । |
| ७ | भूमि प्रशासन सम्बन्धी सेवा संचालन गर्ने सम्बन्धमा । | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार काठमाण्डौको मिति २०८३।०१।१० गते प्रकाशित भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना अनुसार भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न ईच्छुक रहेकाले सोही बमोजिमको प्रस्ताव पेश गर्ने । |
| ८ | लक परियोजनाको समपुरक रकम र योजना शंसोधन गर्ने सम्बन्धमा | १. LACC परियोजना तर्फका योजना संचालन गर्दा यस नगरपालिकाका तर्फबाट समपुरक वजेटका लागि चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रमको समपुरक म्याचिग शिर्षकमा विनियोजित वजेटबाट रु. २९ लाख विनियोजन गर्ने ।<br>२. LACC परियोजना तर्फ चालु आ.व. २०८२।०८३ को स्वीकृत कार्यक्रम अन्तरगतको बारीखोला नयांगाउ खानेपानी योजना मुनपा १२ मा केही टोल थप गरी बारीखोला हरले नयांगाउ खानेपानी तथा सरसफाई योजना मुनपा १२ योजनाको नाम शंसोधन गर्ने । |
| ९ | २०८३ सालमा स्थानीय सार्वजनिक विदा दिने सम्बन्धमा । | यस मुसीकोट नगरपालिका अन्तरगत २०८३ सालमा परम्परागत रुपमा मनाईदै आएका देहायका पर्व तथा मेलाहरुका अवसरमा नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा स्थानीय सार्वजनिक विदा दिने ।<br>१. स्थानीय डिग्रे साईकुमारी मेलामा २०८३ साल मार्ग ७ र ८ गते २ दिन<br>२. मुसीकोट नगरपालिका स्थापना दिवश २०८३ साल पौष २८ गते १ दिन<br>३. चैते दशैको अवसरमा दशमीमा १ दिन |
| १० | रकमान्तरण गर्ने सम्बन्धमा । | आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रममा कार्यालय, कार्यक्रम, परियोजना र वडा कार्यालयहरुबाट पेश भएका केही योजना तथा कार्यक्रमहरुको शंसोधन तथा रकमान्तर गर्नेः |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल २०७३

महेन्द्र के.सी
नगर प्रमुख

Scanned with CamScanner